■ गुणराज लुइँटेल

# माओवादी र प्रेसः उत्सुकता र भयको सम्बन्ध

११ मंसिर २०५८ मा मुलुकभर संकटकालीन स्थिति घोषणापूर्व भूमिगत नेकपा (माओवादी) नेपाली प्रेसका निम्ति 'हटकेक' थियो । संकटकालले माओवादीलाई 'आतंककारी'को संज्ञामात्र दिएन, बरु नेपाली प्रेसले उसैका कारण संविधानप्रदत्त लेख्ने छाप्ने अधिकार गुमाएको छ । र, प्रेस रक्षा मन्त्रालयको विज्ञप्ति 'पुनर्लेखन' कार्यमा व्यस्त छ । माओवादीका समाचार छाप्नु नेपाली प्रेसको पहुँच बाहिरको स्थिति रहिआएको छ ।

माओवादीले नेपाली प्रेसलाई 'क्रान्ति'को उत्प्रेरकका रूपमा लिने गरेको थियो । नेपाली भूमिमा फैलिएको हिंसात्मक राजनीतिले प्रजातन्त्र पुनर्स्थापनापछि उन्मुक्त वातावरण उपभोग गरिरहेको प्रेसलाई आकर्षित नगर्ने प्रश्नै थिएन । त्यसमा पनि आफ्नो 'कभरेज' र प्रस्तुतिमा नयाँपन दिन सक्रिय नेपाली प्रेसले यसलाई बेवास्ता गर्न मिल्दैनथ्यो ।

'दृष्टिविहीनले हात्ती छामेजस्तो' थियो धेरैलाई भूमिगत माओवादीको नेपाली माटोमा 'दीर्घकालीन जनयुद्ध' । आरम्भका दिनमा केहीले यो आन्दोलन प्रजातन्त्र मास्न राजदरबारले सञ्चालन गरेको विश्लेषण गरेका थिए भने त्यतिबेला गृहमन्त्री रहेका खुमबहादुर खड्काले एक सातामै यसलाई सिध्याइदिने घोषणा गरेका थिए । संकटकाल घोषणापछि पनि यसमाथिका अन्यौल यथावत् छन् । निकट छिमेकी भारतले माओवादी समस्यालाई बढाउने खालका कार्य गरेको उच्च राजनीतिक तहबाटै अभिव्यक्ति आएका छन् । समयले उनै खड्कालाई फेरि गृहमन्त्रीको कुर्सीमा ल्याइपुऱ्याएको छ । र, संकटकालपछि माओवादी गतिविधिमा उल्लेख्य कमी आएको दावीको लगत्तै अछाम, सल्यान र काभ्रेको भकुण्डेबेंसी लगायतका स्थानमा माओवादीले भीषण आक्रमण गरी जनधनको ठूलो क्षति गराएका छन् ।

रहस्यका दिनदेखि उत्कर्षका दिनसम्म नेपाली प्रेसले माओवादी आन्दोलनलाई महत्व दिँदै आएको छ । प्रारम्भका असजिला दिनमा पनि माओवादीले प्रेसलाई सहज पहुँच दिएको थिएन भने सरकारसँग वार्ता गरिरहेको बेला उसका कथित 'आधार इलाका' र 'जन सरकार' घोषित क्षेत्रमा प्रेसमाथि अंकुश लगाउने कामको थालनी भएको थियो । संकटकालीन स्थितिले माओवादीलाई 'ग्लोरीफाइ'

नगरी समाचार प्रस्तुत गर्नुपर्ने अवस्था आइलागेपछि नेपाली प्रेसले काठमाडौं खाल्डो र जिल्ला सदरमुकाम छोड्नुपर्ने आवश्यकता महसुस गरे पनि सम्भव थिएन। यसको कारण हो, दुवै तर्फबाट आउनसक्ने असुरक्षा। त्यसमा पनि सुरक्षा फौजले गरेका ज्यादती प्रकाशनमा आउनेवित्तिकै सञ्चारकर्मीको निश्चित गिरफ्तारी। 'सुरक्षा निकायका काम कारवाहीलाई दुरुत्साहन नहुने गरी तथा माओवादी प्रोत्साहित नहुने गरी पत्रकारिता गर्नू' भन्ने सरकारी निर्देशन पछाडिको नियत प्रष्ट छ।

प्रश्न उठ्न सक्छ, विगतमा नेपाली प्रेसले माओवादी आन्दोलनका गौरवगाथा मात्र प्रकाशित गरेर समाचार-व्यापार मात्र गऱ्यो कि? यसो हेर्दा यो प्रश्नमा आंशिक सत्यता नदेखिने होइन। तथापि माओवादीले आफूलाई समाजमा कतिसम्म भिजाइसकेका छन् भन्ने जानकारी पनि प्रेसले गराएको थियो। नियमित रूपमा राजधानी र जिल्ला सदरमुकामदेखि प्रेसलाई आफ्ना 'इलाका'सम्म पुऱ्याएर आफ्ना गतिविधि सार्वजनिक गरुञ्जेल सरकार भने मौन थियो। ती क्रियाकलापको जवाफ दिने कार्य सरकारी तवरबाट कहिल्यै भएन। बरु माओवादी आन्दोलनको नाममा सीमित राजनीतिक स्वार्थपूर्ति गर्ने मेसोमा राजनीतिक पार्टी र सरकारहरू तल्लिन थिए, छन्। आखिर माओवादीले गाउँ गाउँमा गएर आफ्ना क्रियाकलाप सञ्चालन नगरेका भए नेपाली प्रेसले लेखिदिएका भरमा मात्रै उनीहरूको विकास र विस्तार यो रूपमा हुने थिएन।

## समाचारमा माओवादी: रहस्यदेखि उत्कर्षसम्म

माओवादी नेताहरूले उत्प्रेरक शक्ति मानेको प्रेसले माओवादी आन्दोलनलाई कसरी समाचार बनाउँदै आएको छ भन्ने हेर्न १ फागुन २०५२ पछि प्रकाशित पत्रिकाहरू पल्टाउनुपर्ने हुन्छ। ती आन्दोलन यति दुर्गम स्थानमा भएका थिए कि शुरुका दिनमा त्यो समाचार थाहा पाउन पाठकहरूले तेस्रो दिनको बिहान पर्खनु परेको थियो। पत्रिकाको हेडलाइन बनेको थियो: 'रोल्पा, रुकुम र सिन्धुलीका प्रहरी चौकी तोडफोड' (कान्तिपुर ३ फागुन २०५२)।

तर, २०५८ सालमा आइपुग्दा स्थिति त्यस्तो रहेन। डोल्पाको दुनै, रुकुमको रुकुमकोट, दैलेखको नौमुले वा लमजुङमा माओवादीले गरेका ठूला कारवाहीको समाचार संकलन गर्न नेपाली प्रेसले आफ्नो साधन र स्रोतको अधिकतम उपयोग गऱ्यो र घटना घटेको भोलिपल्ट नै यसबारे पाठकलाई सामग्री पस्कियो। माओवादीको राजनीतिक छलाङजस्तै थियो नेपाली प्रेसले पनि हेलिकप्टर भाडामा लिएर समाचार संकलनका लागि प्रतिस्पर्धा गर्नु।

माओवादी आन्दोलनको शुरुका दिनमा यो आन्दोलन कस्तो हो र यसमा लागेका मानिस कस्ता छन् भन्ने रहस्यपूर्ण अवस्थाको समेत चित्रण गर्न प्रेस चुकेन। "... जनयुद्धमा संलग्न व्यक्तिले विशेष किसिमको पहिरन गर्ने गरेको पाइएको कुरा प्रमुख जिल्ला अधिकारीहरूले बताएका छन्। रोल्पामा संघर्षकारीहरूले सैनिकको जस्तो हरियो कमिज, पाइन्ट प्रयोग गरेका छन् भने रुकुम र जाजरकोटमा नीलो-नीलो। प्रशासनले यस्तो पहिरन गर्ने र टाउकोमा रातो पट्टी बाँध्ने व्यक्तिलाई 'गुरिल्ला' भनेको छ। तर त्यस्तो पहिरनधारी कोही पनि नसमातिएको बताएको छ..." (कान्तिपुर १५ फागुन २०५२)।



जति-जति माओवादीको आन्दोलन अगाडि बढ्दै गयो उति-उति नै दैनिक, साप्ताहिक, पाक्षिक र मासिक पत्रिकाले यसका बारेमा निरन्तर समाचार प्रकाशित गरे। माओवादी नेताहरूका अन्तर्वार्ता र लेख समेत प्रकाशित गरेर पाठकलाई त्यो आन्दोलनका बारेमा जानकारी गराउने काम भइरह्यो। शुरुआती दिनमा माओवादीको प्रेससँगको व्यवहार निकै सतर्कतापूर्ण थियो। माओवादीलाई लिखित प्रश्न दिएर त्यसको लिखित जवाफबाटै पत्रपत्रिकाले अन्तर्वार्ता प्रकाशित गर्दै आएका थिए। जनयुद्धको पहिलो वार्षिकोत्सवका उपलक्ष्यमा प्रचण्डसँग लिइएको त्यस्तै 'लिखित' अन्तर्वार्ताको शीर्षक थियो: 'जनयुद्ध फैलँदै गएको छ' (कान्तिपुर १ फागुन २०५३)।

नेपाली प्रेसले माओवादी आन्दोलनको विकाससँगै सरकारबाट भएका विभिन्न दमनमा मारिएका सर्वसाधारण गाउँलेप्रति संवेदनशील भई समाचार संप्रेषण गर्दै आएको छ। रुकुमको खारामा २०५६ सालमा प्रहरीले १५ जना गाउँलेलाई मार्नुका साथै करिब १ सय घर जलाएको घटनाको समाचार संप्रेषणका लागि पत्रकारहरू आफ्नै सक्रियतामा त्यसतर्फ गएका थिए। त्यतिबेलासम्म पनि माओवादी क्षेत्रमा जानका लागि अनुमति लिनुपर्ने अवस्था थिएन। खारा काण्डको स्थलगत समाचार संकलनका लागि गएका संवाददाताले स्थानीय व्यक्तिहरूसँग माओवादी नेताहरूलाई भेट्ने इच्छा गरेपछि पहिलो पटक, उनीहरूकै भाषामा, 'प्रतिक्रियावादी प्रेस'लाई प्रत्यक्ष भेट दिइएको थियो।

माओवादी कमाण्डर र गुरिल्लासहित भएको पहिलो पत्रकार सम्मेलनको समाचार संप्रेषण गर्दा कसैले पनि स्थान नखोली समाचार दिएका थिए। त्यो बेला माओवादीका लागि निकै अप्ठ्यारो परिस्थिति थियो। यदि प्रेस आचारसंहिताप्रति सजग नहुँदो हो त माओवादीलाई भेटेको स्थान सार्वजनिक गरिदिने थियो। खाराको यथार्थ विवरण प्रकाशित भएपछि उनीहरूको भाषामा 'प्रतिक्रियावादी प्रेस'मा काम गरेर पनि सही समाचार लेख्नेहरू 'क्रान्तिकारी' ठहरिएका थिए। यद्यपि, संवाददाताहरूले 'क्रान्तिकारी' हुने लोभले होइन पत्रकारिताको धर्म निभाउने काम मात्र गरेका थिए।

माओवादीका सिद्धान्तप्रति सहमत भएर भन्दा पनि कानुनको शासन र प्रजातान्त्रिक मर्यादाका लागि प्रेसले सधैं आवाज उठाउँदै आएको छ। माओवादीविरुद्ध प्रयोग गर्ने उद्देश्यले ल्याउन खोजिएका प्रत्येक 'आतंकवाद नियन्त्रण विधेयक' विरुद्ध प्रेसले आफूलाई अग्रिम मोर्चामा राख्दै आएको हो। खारामा माओवादीका नाममा सर्वसाधारणको हत्या गरिंदा संवेदनशील भएको प्रेसले पछि माओवादीले आफ्नो शक्तिको आडमा स्कूलहरू बन्द गर्न थालेपछि उनीहरूप्रति पनि उत्तिकै आक्रोश व्यक्त गरेको छ। पटकपटक स्कूल बन्द गर्ने माओवादीसंवद्ध पक्षको क्रियाकलापको विरोधमा नेपाली प्रेसले पूरै आठ कोलमका समाचार दिनुका साथै उनीहरूले अवलम्बन गर्न खोजेको 'तालिवान पथ'को निन्दा गर्दै विशेष सम्पादकीय पनि प्रकाशित गरेको थियो। संकटकाल घोषणा भएपछि अछाममा गरिएको बर्बर आक्रमणले त झनै माओवादीप्रति नकारात्मक प्रचारमात्र भयो।

माओवादी आक्रमणका बारेमा नेपाली प्रेसले गरेका रिपोर्टिङ्गहरूले माओवादीको आन्दोलनको पक्षमा प्रचार त भयो होला नै, सँगै निर्दोष प्रहरी मारिएकोमा

माओवादीप्रति आमघृणा पनि उत्पन्न गऱ्यो। दैलेखको नौमुलेमा मारिएका प्रहरीको शवमाथि घोप्टो परेर रोइरहेकी महिलाको तस्वीरले नेपाली पाठकहरूको मथिङ्गल खल्बल्याउने काम गरेको थियो (कान्तिपुर २६ चैत २०५८)। *कान्तिपुर*का फोटो पत्रकार चन्द्रशेखर कार्कीद्वारा खिचिएको त्यो तस्वीरले माओवादी आन्दोलनमा विकसित क्रूरतालाई पनि प्रकट गरेको थियो। आफ्ना पति प्रहरी लोकेन्द्र गिरीको शवमा अंकमाल गर्दै रोइरहेकी ती महिलाको हृदयविदारक तस्वीरले माओवादी आन्दोलनलाई एकैसाथ हजारौं शब्दको बलले आक्रमण गरेको थियो।

*नेपाल समाचारपत्र*मा सम्पादक कपिल काफ्लेले लेखेका छन्:

> *जनतामाथि सरकारले सकारात्मक प्रभाव पारेको बेला स्वतन्त्र प्रेसजगत्‌ले माओवादीका पक्षमा आवाज उठाएको देखिदैन। प्रेसले माओवादी पक्षलाई आलोचनात्मक दृष्टिले हेर्न थालेको उनीहरूबाट प्रदर्शित कृतघ्नताका कारण पनि हो। बलजफ्ती चन्दा असुली र सामान्य 'दोष'मा पनि सर्वसाधारण नागरिकलाईसमेत 'सफाया' गर्ने अथवा कठोर सजाय दिने घटनालाई समाचारपत्रहरूले प्रशंसा गर्न सक्ने कुरा पनि थिएन। माओवादी कार्यकर्ताबाट बलात्कार र लुटपाटका घटनाहरू समेत हुन थालेपछि माओवादीप्रतिको प्रेसजगत्‌को मोह भंग भएको थियो (नेपाल समाचारपत्र २७ मंसिर २०५८)।*

उद्देश्यपरक भएर समाचार संकलन गर्दा नेपाली प्रेस सरकारी/गैरसरकारी, संवैधानिक/गैरसंवैधानिक सबै पक्षको आँखाको कसिंगर बन्दै आएको छ। माओवादी आन्दोलनको विकासमा माओवादीले नेपाली प्रेसलाई जति धन्यवाद दिन्छ, गाली गर्नेको पनि कमी छैन। यस्तै आक्रोशको शिकार भएका थिए *नेपाल समाचारपत्र*का पुष्करलाल श्रेष्ठ। *समाचारपत्र*मा छापिएको लेखमा उनीले यो कुराको खुलासा गरेका छन्। एकजना प्रतिष्ठित पर्यटन व्यवसायीले उनलाई भनेछन्: "तपाईहरूका पत्रिकाहरू हुन् हाम्रो देशको पर्यटन उद्योगलाई धराशयी बनाउने। लाज लाग्दैन तपाईहरूलाई? प्रेस स्वतन्त्रता छ भन्दैमा माओवादीको तुलबमलाई पनि एटमबमजस्तो गरी लेखिदिने? माया लाग्दैन तपाईहरूलाई आफ्नो मुलुकको?" (नेपाल समाचारपत्र २४ असार २०५८)।

नेपाली प्रेसले माओवादी आन्दोलनविरुद्धका आवाजलाई पनि शुरुकै दिनदेखि नै प्रस्तुत गर्दै आएको छ। यद्यपि, माओवादीविरुद्धको आवाजमा एकरूपता, निरन्तरता छैन। सत्तामा बस्दा तिनै नेता एउटा कुरा गर्छन् भने सत्ताबाहिर हुने बित्तिकै अर्कै। कांग्रेस त कांग्रेस नै भयो–जति नेता उति दृष्टिकोण, प्रमुख विपक्ष नेकपा (एमाले)ले पनि ढुलमुले चरित्र प्रदर्शन गऱ्यो। राजनीतिक आन्दोलन बताउने एमालेका महासचिव माधवकुमार नेपालले सत्तामा पुगेपछि सो आन्दोलन प्रजातन्त्रका लागि घातक भएको ठोकुवा गर्नुभयो। साथै बामदेव गौतममार्फत् आतंक नियन्त्रण विधेयक संसदमा प्रवेश गराउने पार्टी पनि एमाले नै थियो। माओवादीविरुद्ध सेना परिचालनको आवश्यकता बोध नेपाली प्रेसले गरिसकेको थियो र त्यस्ता समाचार प्रकाशित भएका पनि थिए अपितु राजनीतिक नेतृत्व माओवादीविरुद्ध सेना परिचालन गर्ने वा नगर्ने द्विविधामा नै



थियो। सत्तामा हुँदा 'ठोक्न' बल गर्ने र विपक्षमा हुँदा 'राजनीतिक समाधान'को कुरा गर्ने दुईजिब्रे नीति नै माओवादी फष्टाउनाको कारण हो भन्दा अन्यथा मान्नु पर्दैन।

'हिंसात्मक गतिविधि रोक्न सेनाको प्रयोग आवश्यक रहेको धारणा' (कान्तिपुर १३ फागुन २०५६) शीर्षकमा समाचार छापिएको केही दिनमै सुरक्षा परिषद्‌लाई सक्रिय पार्ने भाषण गर्दै आएका प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले आफू सैनिक परिचालन गर्ने पक्षमा नभएको खुलासा गर्नुभयो। 'म सैनिक परिचालन गर्ने पक्षमा छैन: प्रधानमन्त्री' शीर्षकको *नेपाल समाचारपत्र*मा छापिएको समाचारमा लेखिएको थियो: 'सुरक्षा परिषद्‌लाई सक्रिय गराउनुको अर्थ माओवादीलाई दबाउन सैनिक परिचालन गर्ने होइन' (नेपाल समाचारपत्र ३१ वैशाख २०५७)।

'माओवादीहरूले सन्धि-सम्झौता विपरीत कार्य गरिरहेका छन्' शीर्षकको *हिमालय टाइम्स*को समाचारमा लेखिएको छ: "माओवादीहरूले शुरुका दिनहरूमा जनयुद्धलाई सत्ता परिवर्तन गर्ने राजनीतिक आन्दोलनको नामाकरण गरे पनि पछिल्ला दिनहरूमा आएर जनयुद्धको रूपरेखा पैसा आर्जन गर्ने दिशातर्फमात्र केन्द्रित भयो। भारतको बिहार र उडिसा राज्यमा चल्ने डकैतीका घटनाहरूको जस्तो स्वरूपमा समेत बदलिँदै गयो" (हिमालय टाइम्स २३ जेठ २०५७)।

यति हुँदाहुँदै पनि माओवादीका जनसभाको समाचार लेख्न नेपाली प्रेस किन लालायित भयो त? शुरुका दिनमा माओवादी आन्दोलन उत्सुकताले भरिएको थियो र आफ्नै माटोमा भइरहेका क्रियाकलापलाई देखेको नदेख्यै गर्न मिल्दैनथ्यो पनि। शुरुका दिनमा आमसभाको समाचार जुन रूप र स्वरूपमा प्रकाशित भइरहेको थियो, त्यही रूपमा पछिल्लो चरणमा प्रकाशित हुन छोडेको थियो। हरेक स्थानका आमसभामा उही कुरा दोहोरिने र त्यसको प्रकृति पनि उही हुने गरेको कारण आमसभामा जानुको अर्थ पनि थिएन। संसारमै असफलता भोग्न बाध्य माओवादी आन्दोलनले नेपाली भूमिमा विकसित हुन पाएको घटना नेपाली प्रेसका लागि भन्दा अन्तर्राष्ट्रिय प्रेसका लागि बढी आकर्षणको विषय थिए। यो उनीहरूका लागि आश्चर्य र उत्सुकताको विषय थियो। यस्तो उत्सुकता व्यक्त गर्नेहरू अहिले पनि कम छैनन्।

माओवादीका समाचार स्वदेशी प्रेसमा मात्र होइन विदेशी प्रेसमा पनि उत्तिकै चासोका साथ प्रकाशित भएका थिए र भइरहेका छन्। एकजना प्रतिष्ठित अमेरिकी पत्रकारले आफ्नो पत्रिकामा माओवादीमाथि लेखेको समाचार नेपाली प्रेसले छापेभन्दा सकारात्मक थियो। त्यस सम्बन्धमा एकजना प्रहरीले टिप्पणी गरेका थिए- 'त्यो अमेरिकाको माओवादी रहेछ!'

माओवादीले सामाजिक क्षेत्रमा शुरुका दिनमा चलाएका आन्दोलन सकारात्मक थिए र त्यसको प्रशंसा गर्नेको पनि कमी थिएन। अहिले आएर तिनै माओवादीका नकारात्मक क्रियाकलापले प्रेसलाई आलोचक दृष्टि राख्ने अवस्थामा पुऱ्याएको छ। पछिल्लो दिनमा ८ वर्षीया काजोल नामकी बालिकालाई चितवनमा जिउँदै आगो लगाएर जलाएपछि त माओवादी राक्षसी प्रवृत्तिले सीमा नै नाघेको अनुभव भएको हो। तर यो उत्कर्षमात्र थियो, माओवादीका

क्रियाकलापले नेपाली प्रेसलाई वितृष्णा उत्पन्न गराउने काम भने पहिल्यैदेखि भएको हो ।

## नेपाली प्रेसः आँखाको कसिंगर

नेपाली प्रेसलाई संस्थापन पक्षले एकोहोरो गाली गर्दै आएको छ, जसको खासै तुक भने देखिँदैन । माओवादीका समाचारलाई विना टिप्पणी प्रकाशित गरेकोमा सञ्चारमन्त्री जयप्रकाश प्रसाद गुप्ता झन ठूला आलोचक बनेका थिए । गुप्ताले १७ भदौ २०५७ मा सञ्चारमन्त्रीका हैसियतले एउटा सार्वजनिक भाषणमा भनेका थिए: 'ठूला पत्रपत्रिका माओवादीको निर्देशनमा समाचार छाप्छन् ।' त्यतिबेलासम्म सरकारले माओवादीलाई 'आतंककारी' घोषणा गरेको थिएन । रोल्पाको कोर्चावाङमा गत वर्ष माओवादीले सुन बाँडेको समाचारलाई नेपाली ठूलो आकारका पत्रिकाले निकै सुरुचिपूर्ण ढंगले प्रस्तुत गरेका थिए । त्यो समाचारका कारण संस्थापन पक्ष नेपाली प्रेससँग निकै रिसाएको थियो । त्यही भएर मन्त्री गुप्ताले 'माओवादीको एक दिनको सत्कारबाट अभिभूत भएर समाचार नलेख्न' आग्रह समेत गरेका थिए ।

माओवादीका कमाण्डर प्रचण्ड र विचारक डा. बाबुराम भट्टराईका अभिव्यक्ति स्वतन्त्रताको कदर गरेको मूल्य *कान्तिपुर*का सम्पादक युवराज घिमिरे र व्यवस्थापकद्वय कैलाश सिरोहिया र विनोदराज ज्ञवालीले हनुमानढोकाको चिसो हावा खाएर चुक्ता गरेका छन् । १९ जेठ २०५८ मा भएको 'नारायणहिटी काण्ड'को लगत्तै डा. भट्टराईको लेख 'नयाँ 'कोतपर्व'लाई मान्यता दिनु हुँदैन' *कान्तिपुर*मा प्रकाशित भएको थियो (कान्तिपुर २४ जेठ २०५८) । यस्तो सामग्री प्रकाशन गर्नुहुन्छ/हुँदैन भन्ने नयाँ बहस नेपाली प्रेसमा उत्पन्न भए पनि बदलिंदो परिवेशमा नेपाली भूमिमा चौतर्फी प्रभावित गरिरहेका माओवादीको धारणालाई सार्वजनिक गर्नु पनि प्रेसको जिम्मेवारीभित्रै पर्छ भन्ने मान्यतामा आधारित भई त्यो लेख प्रकाशित भएको थियो । यही लेखमार्फत् राजा वीरेन्द्रसँग माओवादीले आफ्नो 'अघोषित कार्यगत एकता' रहेको स्वीकार गरेको थियो, जुन तथ्य बाहिर आउँदा माओवादीको सक्कली अनुहार पनि सार्वजनिक भएको थियो ।

संकटकाल घोषणाले माओवादी पक्षधर प्रेसलाई बन्द गर्ने काम गऱ्यो । माओवादी पक्षधर पत्रकारहरूलाई पनि थुनामा राखिएको छ । तथापि, ६ वर्षसम्म माओवादी समर्थक प्रेस कसरी कायम हुन सक्यो र अहिले आएर किन त्यसलाई बन्द गर्नुपऱ्यो भन्ने व्याख्या सरकारले गरेको छैन । यसबीच अधिराज्यभर माओवादीका सम्बन्धमा समाचार संकलन गरेका पत्रकारहरूमध्ये ७० भन्दा बढीलाई गिरफ्तार गरी थुनामा राख्ने काम समेत भयो । गिरफ्तार पत्रकारहरूलाई शाही नेपाली सेनाको ब्यारेकमा राखी मानसिक यातना दिने गरिएको छ । राजधानीबाट प्रकाशित हुने, सत्तारुढ नेपाली कांग्रेस निकट *देशान्तर* साप्ताहिकका प्रकाशक बन्धु थापा, प्रमुख विपक्ष नेकपा (एमाले) निकट *साँघु* साप्ताहिकका सम्पादक गोपाल बुढाथोकी, तत्कालीन नेकपा (माले) निकट *जनआस्था* साप्ताहिकका सम्पादक किशोर श्रेष्ठ आदिलाई गिरफ्तार गरी शारीरिक र मानसिक यातना दिने काम भएको छ, यस अवधिमा ।



प्रधानसेनापति प्रज्ज्वल्ल शमशेर जबराको आलोचना गरी समाचार प्रकाशित गरेवापत पुनः *साँघु*का सम्पादक तथा प्रकाशक गोपाल बुढाथोकीलाई 'अपहरणकारी शैली'मा गिरफ्तार गरिएको थियो । उनलाई कहाँ राखिएको छ भन्ने जानकारी सरकारले तीन साता बितिसक्दा पनि दिएको थिएन । प्रधानमन्त्रीले संसदलाई दिएको जानकारीअनुसार बुढाथोकीलाई 'आतंककारीको मतियार' भएको आरोप लगाइएको छ । त्यसैगरी, वाम पक्षधर *मूल्यांकन* मासिकका सम्पादक श्याम श्रेष्ठ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भारततर्फ जान लाग्दा गिरफ्तारीमा परेका थिए । उनलाई माओवादी र भारतको पिपुल्स वार ग्रुप निकट मानिने भारतीय वुद्धिजीवी आनन्दस्वरूप वर्माको नेपाल सरोकार समूहको कार्यक्रममा सहभागी हुन जाने क्रममा गिरफ्तार गरिएको हो । वर्मा नेपालको माओवादी आन्दोलनमाथि लेखिएको पुस्तक *रोल्पा से डोल्पा तक*का लेखक हुन् ।

## प्रतिक्रियावादी प्रेसः नेपाली प्रेस

सरकार र माओवादी दुवैबाट नेपाली प्रेसले खतराको सामना गर्नु परेको छ । प्रेसमाथिको श्रृंखलावद्ध आक्रमणमात्र होइन माओवादीले पत्रकारहरूलाई गिरफ्तार गरी थुनामा राख्ने काम समेत गरेका छन् । प्रेसले अभिव्यक्ति स्वतन्त्रताको सम्मान गरेवापत दुःख पाए पनि माओवादीले भने 'प्रतिक्रियावादी' प्रेसलाई उपयोग गर्ने रणनीति मात्र लिएको प्रष्ट छ ।

पछिल्लो कालमा गैरमाओवादी प्रेसमा माओवादी नेताका वक्तव्य, अन्तर्वार्ता र लेखलाई छपाएर त्यसलाई पछि माओवादी समर्थक पत्रिकामा साभार गरी 'माइलेज' लिने रणनीति पनि देखिएको हो । आफूले शुरुमै छाप्दा सरकारको वक्रदृष्टिको सामना गर्नुपर्ने तथा मूलधारका पत्रिकामा छापिएपछि अधिराज्यभर सजिलै वितरण गर्न सकिने हुनाले माओवादीले यो रणनीति अख्तियार गरेको स्पष्ट हुन्छ ।

नेपाली प्रेसले वर्तमान राज्यसत्ता उल्टाउने संकल्पका साथ जुटेको माओवादीलाई राजनीतिक शक्ति मान्दै बिना भेदभाव समाचार संकलन र संप्रेषण गर्दै आएको छ । कतिपयले माओवादी आन्दोलनलाई हुर्काउने काम नेपाली प्रेसले गरेको आरोप पनि नलगाएका होइनन् । माओवादीको राजनीतिक दस्तावेजमा पनि आफ्नो आन्दोलनलाई यो उचाइमा ल्याइपुऱ्याउन नेपालको विशिष्ट परिस्थितिमा प्रेसले महत्वपूर्ण भूमिका खेलेको स्वीकार गरिएको छ । 'हाम्रो आन्दोलन यहाँसम्म आइपुग्नुमा आन्दोलनको एउटा उत्प्रेरक शक्ति पत्रकारलाई मान्छौं', माओवादी वार्ता-टोलीका संयोजक कृष्णबहादुर महराले दोस्रो चरणको वार्तापछि राजधानीमा आयोजित पत्रकार सम्मेलनमा भनेका थिए, 'आन्दोलनलाई पुऱ्याएको सहयोगप्रति हाम्रो पार्टी पत्रकार मित्रहरूलाई आभार व्यक्त गर्छ ।'

नेपाली प्रेसलाई 'उत्प्रेरक शक्ति' माने पनि संवाददातालाई समाचार संकलनमा निषेध गर्ने, संचार माध्यमबाट चन्दा असुली गर्ने र आफूले भनेअनुसार नभए आक्रमणको तारो बनाउन पछि परेका छैनन् माओवादीहरू । सरकारी सञ्चार माध्यम *गोरखापत्र* र निजी क्षेत्रको प्रकाशन कान्तिपुर पब्लिकेशन्सलाई माओवादीले चन्दाका लागि दबाब दिएका थिए । *गोरखापत्र* माओवादीको बम आक्रमणको

शिकार भइसकेको छ भने निजी क्षेत्रकै *जनसत्ता*को प्रेसलाई 'अश्लील प्रकाशन'को आरोपमा माओवादीले आक्रमण गरेको थियो ।

'भट्टेडाँडामा माओवादीको साहसिक आक्रमण'को समाचार छापेबापत गिरफ्तार माओवादीको मुखपत्र *जनादेश*का सम्पादक कृष्ण सेनको लेख्ने स्वतन्त्रताका लागि सहधर्मीको नाताले प्रेसले आवाज उठाएको हो । तर, पछिल्लो कालखण्डमा माओवादीले रोल्पामा रिपोर्टिङ गर्न गएका पत्रकारलाई गिरफ्तार गरी थुन्ने काम गऱ्यो । संवाददाताहरू यज्ञविक्रम शाही, काशीराम डाँगी, सुधीर शर्मा, राजाराम गौतम, प्रज्ज्वल चापागाईले मुलुकभित्र स्वतन्त्र घुमफिर गरी समाचार संप्रेषण गर्ने संविधानप्रदत्त अधिकार रोल्पामा पुगेर गुमाउनु पऱ्यो ।

नेपाली प्रेस र माओवादी आन्दोलनका सन्दर्भमा विचार गर्दा २०५७ साल भदौमा रोल्पामा गरिएको ठूलो आमसभामा राजधानीबाट पाहुना बनाएर लगिएका संवाददाताप्रति दर्शाइएको आतिथ्यलाई बिर्सन मिल्दैन । माओवादीको निमन्त्रणामा रोल्पा पुगेका पत्रकारहरूलाई त्यहाँको पार्टी नेतृत्वले 'रातो कार्पेट' ओच्छ्याएर स्वागत मात्र गरेन उनीहरूलाई राजामहाराजालाई झैं तोप पड्काएर 'लाल सलामी' समेत अर्पण गरेको थियो । तर, त्यसको ठीक एक वर्षपछि बिना निम्तो त्यहाँ पुगेका पत्रकारलाई माओवादीले बम र बन्दुक देखाउँदै तर्साउने र तीन दिनसम्म थुनामा राख्ने काम गरेको थियो ।

यी घटनाले प्रेस निम्तिएर आएर राम्रा कुरामात्र लेखोस् र आफ्नो प्रभाव क्षेत्रमा आफूखुशी विचरण गरेर समाचार संकलन नगरोस् भन्ने माओवादीको दृष्टिकोणलाई प्रकट गर्दछन् । त्यसो त, माओवादीका विचारक डा. बाबुराम भट्टराईले आफ्नो शासनमा प्रेसलाई अहिलेभन्दा बढी स्वतन्त्रता दिइने बताउँदै आउनु भएको हो । भट्टराईको प्रेसप्रतिको शुभभावनाप्रति शंका नगरौं, तर कम्युनिष्ट शासनको छायाँमा प्रेसको कुन हविगत हुन्छ भन्ने उक्त घटनाले प्रकट गरिसकेको छ ।

बितेका ६ वर्षमा माओवादी आन्दोलनले छलाङमाथि छलाङ मार्दै गएको हो । र, माओवादीका प्रत्येक छलाङलाई मूलधारको नेपाली प्रेसले पाठक सामु पस्कने प्रयास गरेको छ । २१ माघ २०५२ का दिन संयुक्त जनमोर्चा नेपाल (डा. भट्टराई)का तर्फबाट डा. बाबुराम भट्टराई र पम्फा भुसालले तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई ज्ञापनपत्र बुझाउन सिंहदरबार गेटमा सुरक्षाकर्मीसँग भनाभन गरिरहँदा पनि साथ दिने प्रेसमात्र थियो । प्रधानमन्त्रीलाई भेट्न निकै बेर विवाद गर्नु परेको समाचार भोलिपल्टको *कान्तिपुर*मा भट्टराई र भुसालको तस्वीर सहित मुखपृष्ठमा प्रकाशित भएको थियो ।

त्यतिबेला फोटो खिचिरहेका *कान्तिपुर*कै फोटोग्राफरका बारेमा भुसालले सुटुक्क जिज्ञासा राखेकी थिइन्: 'त्यो मान्छे त सीआइडीजस्तो छ नि ?' तर, उनी *कान्तिपुर*का फोटो पत्रकार हुन् भनेपछि आश्वस्त भएकी थिइन् । माओवादीका लागि अपरिचित जति सबै सीआइडी हुन्छन् । तसर्थ, रोल्पामा पुगेका पत्रकारका अनुहारमा उनीहरूले सीआइडी देख्नु अनौठो होइन । त्यहाँ कुनै अपरिचित पत्रकार नभए पनि प्रतिक्रियावादी राज्यसंयन्त्रले पठाएको सीआइडी ठानेर उनीहरूलाई तीन दिनसम्म थुनियो । आखिर *हिमाल*का सुधीर शर्माले



माओवादी क्षेत्रको भ्रमण गरी दर्जनौं समाचार लेखेका छन् भने *कान्तिपुर*का यज्ञविक्रम शाही र अरु पत्रकारहरू पनि उत्तिकै सक्रिय छन् ।

'पत्रकार थुन्ने' कृत्यको वकालत गर्दै माओवादी पक्षले 'कांग्रेस र एमालेका गोप्य बैठकमा पनि पत्रकारलाई जान छुट दिइँदैन' भन्ने तर्क राखेका थिए । रोल्पा पुगेका पत्रकारहरूले अवश्य पनि माओवादीको पोलिटब्यूरो बैठकमा बस्न खोजेका थिएनन् । अतः तिनलाई कुनै जिम्मेवार नेताले चित्त बुझाएर पठाउन नसकिने थिएन । तर, ओठ निचोर्दा दूध आउने कलिला ठिटालाई हातमा बन्दुक र बम दिएर पत्रकार तर्साउने काम भयो, माओवादी पक्षबाट ।

माओवादी हिरासतबाट मुक्त भएपछि *कान्तिपुर* संवाददाताद्वय यज्ञविक्रम शाही र काशीराम डाँगीले लेखेका थिए, "राजनीतिक स्वार्थमा सञ्चार माध्यमलाई उपयोग गर्दा रातो तुल विच्छ्याउने भूमिगत नेकपा (माओवादी)ले यस पटक तीन दिनसम्म बम र बन्दुकको भरमा बन्दी बनाएर राखे । 'माओवादीको निम्तो' नपाएका हामी पाँच सञ्चारकर्मी र एक मानव अधिकारवादी कार्यकर्तालाई शुक्रबारदेखि आइतबार रातिसम्म कब्जामा राखे ।" सोही लेखमा पत्रकारद्वय अगाडि लेख्छन्: "अविनाश भनिने एक माओवादी छापामारले भने, पत्रिका-सत्रिकामा लेखेर केही हुनेवाला छैन । तपाईंहरू प्रतिक्रियावादी पत्रकार हो" (कान्तिपुर २६ भदौ २०५८) । तर, तिनै माओवादी छापामारका नेताहरूले भने पत्रकारलाई आन्दोलनका उत्प्रेरक शक्ति मान्नु विरोधाभाषबाहेक अरु केही होइन ।

माओवादी क्षेत्रमा समाचार संकलनमा जाने पत्रकारका डायरी र झोला त्यतिबेलासम्म शाही नेपाली सेना र नेपाल प्रहरीले जाँच गर्ने धृष्टता गरेका थिएनन् । माओवादी प्रभावित क्षेत्रमा पुगेर माओवादीलाई नै लाभ पुग्ने समाचार संकलन गर्दा पनि बाधा व्यवधान गरेका थिएनन् । तर माओवादीका छापामारहरूले रिपोर्टिङ गर्न गएका पत्रकारहरूका झोला, डायरी लगायत सबै सामान खानतलासी गरे । अपवादका रूपमा रोल्पाको होलेरी प्रकरणपछि पत्रकारहरू त्यता जान खोज्दा शुरुमा प्रहरीले रोकेको भए पनि माओवादी स्वयले पत्रकारलाई त्यसतर्फ लगेका थिए । पछिल्ला दिनहरूमा माओवादीका जनसरकारहरूको घोषणाको समाचार नेपाली प्रेसले महत्वकासाथ संप्रेषण गरेको थियो । र, त्यस्ता समाचार संकलनमा सहयोग पुऱ्याउनमा माओवादी पक्षको ठूलो हात थियो ।

## संकटकाल र नेपाली प्रेस

नेपाली प्रेस राजनीतिक रूपमा अत्यन्तै विभाजित भए पनि नेपालको इतिहासमै पहिलो व्यवस्थित सशस्त्र 'जनयुद्ध' सबैखाले प्रेसका लागि आकर्षणको विषय भएको थियो । त्यसमा पनि ठूलो आकारका दैनिक अखबार र मूलधारका पाक्षिक अखबारले माओवादी आन्दोलनलाई शुरुका दिनदेखि नै पत्रकारिताको धर्म अनुकूल पाठकलाई पस्कँदै आएका थिए । त्यसले माओवादीलाई प्रत्यक्ष फाइदा पुग्छ भन्ने नठानी पेशा र पाठकप्रतिको इमान्दार प्रयासमात्र थियो त्यो । प्रेसका माओवादीसम्बन्धी सामग्रीले माओवादीहरूको प्रचार प्रसार गरेको आरोप केही हदसम्म सत्य भए पनि सत्य के पनि हो भने प्रेसले समयसमयमा माओवादीका

गलत, अवाञ्छित क्रियाकलापका विरुद्ध आवाज उठाएको छ, भण्डाफोर गरेको छ र माओवादी पीडितहरूका आवाजहरूलाई साथ दिएको छ, उजागर गरेको छ। माओवादीद्वारा मारिएका परिवारको विलापलाई 'स्वजनको विलाप' स्तम्भ नै खडा गरेर सामग्री प्रकाशित भइरहेका छन्।

माओवादीका क्रियाकलापका कारण सिंगो नेपाली प्रेसले अन्ततः संकटकालको जाँतोमुनि पिसिनु परेको छ। प्रेसका कुनै अधिकार बाँकी नरहेको अवस्थामा माओवादीका बारेमा सत्यतथ्य खबर दिन सक्ने स्थिति छैन। माओवादीका धारणा प्रेसले छाप्न नसक्ने र छापिहाले पनि त्यसलाई बडो नकारात्मक बनाएर दिनुपर्ने अवस्था छ। यसले जनताको जान्न पाउने अधिकारको संरक्षण गर्न सकेको छैन। माओवादी आन्दोलनलाई आफ्नो सुरुचिपूर्ण प्रस्तुति ठान्दै आएको विषयलाई अहिले नेपाली प्रेसले चटक्कै त्याग गर्नु परेको छ। यसले नेपाली प्रेसको प्रस्तुतिलाई खल्लो बनाएको अनुभूति सबैलाई गराएको छ।

परिस्थितिले नेपाली प्रेसका हात खुट्टा बाँधिदिएको छ। प्रेसका लागि सशस्त्र विद्रोहीबाट मात्र होइन सरकारबाट पनि उत्तिकै खतरा छ भन्ने ताजा उदाहरण संकटकाल नै भएको छ। सरकारले गैर माओवादी प्रेसलाई छुट दिने गरी कुनै आदेश जारी नगरेका कारण नेपाली प्रेस हच्केको देखिएको छ। संकटकाल लागू भएको शुरुका दिनमा भन्दा पछिल्लो कालखण्डमा नेपाली प्रेसले आफूलाई अलि बढी सक्रिय बनाएको देखिन्छ। *नेपाल समाचारपत्र, राजधानी* दैनिकले प्रचण्ड र बाबुराम भट्टराईका वक्तव्यलाई प्रकाशन गर्न छाडेका छैनन्। प्रचण्डको वक्तव्य प्रकाशित गरेको निहुँमा *नेपाल समाचारपत्र*का प्रधान सम्पादक पुष्करलाल श्रेष्ठलाई जिल्ला प्रशासन कार्यालय काठमाडौंले बयान दिन बोलाएको पनि हो। हिजो सरकारका कमजोरीलाई ठाडै चुनौती दिएर लेख्ने पत्रकारहरूले अहिले सोचविचार गरेर लेख्नु परेको छ। अझ कतिपय पत्रकारहरू त सीधै नलेखेर साहित्यिक विम्बको प्रयोग गरेर समेत लेख्न थालेका छन्। खगेन्द्र संग्रौला जस्ता लेखक 'कुन्साङ काका'को नयाँ अवतारमा देखिएका छन् र साहित्यिक विम्बमार्फत् सरकारका कमजोरीलाई औंल्याइरहेका छन्।

सबैका लागि नूतन संकटकालको 'ह्याङओभर'बाट प्रेस बिस्तारै मुक्त हुँदैछ। संकुचनबाट उन्मुक्ति पाउन आफूलाई फुकाउँदै छ, हातखुट्टा चलाउँदैछ। यस अवधिमा, भनिसकियो, प्रेस 'एसर्टिभ' हुँदैछ। संवाददाताहरू घटनास्थलमा पुग्न उत्सुक हुन थालेका छन्। आशा गरौं, प्रेस संकटकालको तरवारसँग बच्दै अरु सत्यतथ्य खोजेर पाठकमाझ ल्याउनेछ, तृष्णा मेटाउने छ र 'धर्म' पालना गर्नेछ। यद्यपि, संकटकालका आफ्नै सीमाहरू छन्। प्रेस सचेत हुनैपर्छ, चाहे सरकार होस् वा विद्रोही पक्ष, कसैबाट पनि हुने नियन्त्रणका प्रयासबाट नेपाली प्रेसले झुक्नुपर्ने अवस्था नआओस् भन्नेतर्फ। ■